रंगेली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रंगेली अस्पताल,

रंगेली, मोरङ्ग।

पत्र संख्याः २०८१/०८२

मितिः २०८१/१०/२३

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना।

**प्रकाशित मिति २०८१/१०/२३ गते**

यस रंगेली अस्पताल, रंगेली, मोरङको हातामा रहेको सःशुल्क चमेना गृह (क्यान्टिन) सञ्चालन प्रयोजनार्थ आर्थिक वर्ष २०८१/०८२ देखि सिलबन्दी दरभाउपत्रको माध्यमबाट बहालमा लगाउनुपर्ने भएकोले इच्छुक व्यक्ति/ फर्म/व्यवसायी/संस्थाबाट शिलबन्दी दरभाउपत्र १५ दिन भित्र पेश गर्नहुन यो सुचना प्रकाशित गरिएको छ। सो सम्बन्धी विस्तृत विवरण रंगेली नगरपालिकाको वेवसाइट www.rangelimun.gov.np मा हेर्न सकिनेछ वा रंगेली अस्पतालमा सम्पर्क गर्नुहुन समेत अनुरोध छ।

| | विवरण | न्यूनतम् अंक (VAT सहित) | फाराम दस्तुर | प्रकार |
|---|---|---|---|---|
| १. | चमेना गृह(क्यान्टिन) | मासिक १५,०००/ | १,०००।- | दरभाउपत्र |

मेडिकल सुपरिटेण्डेन्ट

रंगेली अस्पताल

रंगेली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
# रंगेली अस्पताल
## रंगेली, मोरङ
## कोशी प्रदेश, नेपाल

### चमेना गृह संचालन सम्बन्धि न्युनतम शर्तहरु

यस रंगेली अस्पताल मोरङको प्राङगणमा रहेको सशुल्क चमेना गृह (क्यान्टिन) सञ्चालन प्रयोजनार्थ आर्थिक वर्ष २०८१/०८२ बाट सिलवन्दी दरभाउपत्रको माध्यमवाट बहालमा लगाउनु पर्ने भएकोले इच्छुक व्यक्ति वा व्यावसायि फर्म/संस्था/कम्पनीबाट तपशिलका शर्तहरुको अधिनमा रही शिलवन्दी दरभाउपत्र पेश गर्नहुन यो सुचना प्रकाशित गरिएको छ ।

| | विवरण | | न्यूनतम् अंक (VAT सहित) | फारम दस्तुर |
|---|---|---|---|---|
| १. | चमेना गृह (क्यान्टिन) | | मसिक रु १५,०००/ | १,०००।- |

**तपसिल :-**

१. शिलवन्दी दरभाउपत्र खरिद गर्न सिलवन्दी दरभाउ पत्रदाताले व्यवसायि भए (क) चालु आ.व.को नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि (ख) व्यवसाय/फर्म संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ग) मु.अ.क. दर्ता प्रमाणपत्र वा प्यान (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपि (घ) कर चुक्ता प्रमाणपत्र प्रतिलिपी तथा व्यक्ति भए नेपाली नागरिकता प्रमाण पत्रको फोटोकपि र दरभाउ पत्र दाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित कागजात कारवाहीमा आफ्नो स्वार्थ नवाभिएको र सम्वन्धित पेशा र व्यवसाय सम्वन्धि कसुरमा आफुले सजाय नभएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कलप्रति संलग्न राखी निवेदन दिई नियम अनुसार लाग्ने दरभाउ पत्र फारम दस्तुर रु १०००।- (एक हजार) (फिर्ता नहुने गरी) यस अस्पतालको काउन्टरमा राजस्व वापतको रकम दाखिला गरेको सक्कलै भौचर पेश गरि फारम लिन सकिनेछ ।

२. यो सुचना प्रकाशित भएको मितिले १५ औ दिन सम्ममा कार्यालय समय भित्र शिलवन्दी दरभाउपत्र खरिद गरी १६ औ दिनको १२: ०० वजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । सो दिन सार्वजनिका विदा परेमा सम्पूर्ण कार्यहरु सो को भोलिपल्ट कार्यलयमा समयमा हुनेछ ।

३. शिलवन्दी दरभाउ पत्र फारम राखीएको खाम वाहिर व्यवसायको नाम ठेगाना र ठेक्का नं. साथै सो संग सम्वन्धित कार्यको नाम स्पष्ट लेखिएको विवरण उल्लेख गरिएको हुनपर्ने छ ।

४ यसरी पर्न आएका शिलवन्दी दरभाउ पत्र १६औं दिनको २:०० वजे अस्पतालका प्रतिनिधि, अन्य कार्यालयको प्रतिनिधिहरु र शिलवन्दी दरभाउ पत्रदाताहरुको समेत रोहवरमा खोलिनेछ । शिलवन्दी दरभाउ पत्रदाताहरु अनुपस्थित रहेमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

५ शिलवन्दी दरभाउपत्र दाताले धरौटी वापतको कवोल अंकको १० प्रतिशतले हुन आउने रकम वापत रंगेली अस्पतालको नाममा रहेको लक्ष्मी वैक धरौटी खाता न २७११६०४८०९०११०१६ राखी धरौटी खातामा नगद दाखिला गरेको सक्कलै वैकं भौचर समावेश गर्नूपर्नेछ ।

CS CamScanner

.स्वीकृत दरभाउ पत्रदाताले अस्पतालसँग सम्झौता गर्दा **एक** महिनाको भाडा रकम अस्पताललाई अग्रिम बुझाउनु पर्ने छ । त्यस पश्चात सोहि प्रक्रिया अनुसार बहाल रकम बुझाउदै जानु पर्ने छ । समयमा भाडा नबुझाएमा अस्पताल प्रशासनले दरभाउपत्रदाता सँग गरेको सम्झौता भंग समेत गर्न सक्नेछ ।

७.स्वीकृत दरभाउपत्रदाताले खरिद सम्झौता गरिसके पछि चमेना गृह छोड्न चाहेमा २ महिना अगावै अस्पतालको प्रशासनलाई लिखित सुचना दिनु पर्नेछ । अस्पताललाई क्यान्टिन सन्चालन गतिविधी वान्छनिय नलागेमा जुनसुकै बखत ७ दिनको समय दिई हटाउन सक्नेछ तर मदिराजन्य तथा सूर्तिजन्य र कानुनले वञ्चित गरेका पदार्थहरु विक्री वितरण गर्न पाइने छैन लुकाई छिपाई विक्री वितरण गरेको पाईएमा अस्पताल प्रशासनले २४ घण्टा भित्रमा खाली गर्न गराउन सक्ने छ ।

८. चमेना गृह संचालन गर्दा प्रयोग हुने सामाग्री र पानी तथा विजुली प्रयोग गरे बापतको शुल्क सम्वन्धीत सन्चालकले नै व्यहोर्नु पर्ने छ ।

९.चमेना गृह संचालकले प्रचलित वजार मुल्यलाई आधार मानी स्वयम् दररेट निर्धारण गर्नु पर्नेछ । वजार मुल्यभन्दा वढी आफुखुशी मुल्य निर्धारण गरी, विक्री वितरण गरेमा वा अस्वस्थकर, वासी तथा सडेगलेको खाद्य सामाग्री वा चमेना गृहको लागि तोकिएको भन्दा अन्य सामाग्रीहरु विक्री वितरण गरेको पाईएमा अस्पताल प्रशासनले २४ घण्टा भित्रमा लिखित स्पष्टिकरण सोध्न सक्नेछ र चित्तबुझ्दो जवाफ नआएमा ४८ घण्टामा क्यान्टिन खाली गर्न आदेश दिन सक्नेछ ।

११. यस रंगेली अस्पतालमा वेड भर्ना भएका विरामीहरुलाई आवश्यक पर्ने प्रर्याप्त मात्रमा गुणस्तरीय विरामी खाना फुल डाइट र हाफ डाइट (जावलो, खाना, मिक्स दाल, मिक्स तरकारी, अण्डा, दुध सागपात लगायतका खानाहरु खाना प्याकिङ गर्ने कन्टेनर मार्फत तपशिल वमोजिमको मात्रा र दररेटमा उपलब्ध गराउनु पर्ने शर्तनामा रहेको छ र सो विरामी खाना उपलब्ध गराएवापतको रकम चमेना गृहलाई अस्पतालले भुक्तानी गर्नेछ तर गुणस्तरहिन तथा तोके भन्दा कम मात्रामा खाना उपलब्ध गराएमा अस्पतालले शर्तनामा भंग गरी क्यान्टिन वन्द गर्न आदेश दिन छ ।

**फुल डाइट**

| क्र.स. | प्रकार | परिमाण |
|---|---|---|
| १ | जाउलो / भात (१०० gm बराबर चामल) | २ बटुका |
| २ | मिक्स दाल(३५-४० gm बराबर दाल) | १ बटुका |
| ३ | मिक्स तरकारी(१०० gm) | १ बटुका |
| ४ | साग (१००gm) | १/२ बटुका |
| ५ | सलाद (काक्रो, मुला, गाँजर) | ६ पिस |
| ६. | दुध / अण्डा | २५० ml/ १ पिस |
| **जम्मा** | | रु १०० |

**हाफ डाइट**

| क्र.स. | प्रकार | परिमाण |
|---|---|---|
| १ | जाउलो / भात (५०gm बराबर चामल) | १ बटुका |
| २ | मिक्स दाल(२०gm बराबर दाल) | १ बटुका |
| ३ | मिक्स तरकारी(५० gm) | १ बटुका |
| ४ | साग (५०gm) | १/२ बटुका |
| ५. | सलाद (काक्रो, मुला, गाँजर) | ३ पिस |
| ६. | दुध | १२५ ml |
| **जम्मा मुल्य** | | रु ५० |

**बटुकाको साइज २५० ml झोल पदार्थ अटाउने खालको हुनु पर्नेछ।**

११. चमेना गृह संचालन गर्दा चमेना गृह र सोको हाताभित्रको सरसफाई तथा उत्पन्न फोहोर मैलाको व्यवस्थापन स्वयं सन्चालकले नै गर्नुपर्ने छ ।

१२. अस्पतालको स्वीकृति नलिई कुनै किसिमको संरचना फेरबदल गर्न र डेन्टिङ्ग पेन्टिङ्ग वा भित्ते लेखन गर्न पाईने छैन ।

१३.चमेना गृह सञ्चालनको क्रममा सेवाग्राही सँग झै झगडा भई कुनै किसिमको क्षति हुन गएमा त्यसको जिम्मेवार स्वयम सञ्चालक नैहुनु पर्ने छ ।

CS CamScanner

१४. चमेना गृहको मासिक भाडा दर न्यूनतम् रु.१५,०००।- (अक्षरुपी पन्ध्र हजार मात्र) VAT सहित हुनेछ र सो भन्दा माथि सबै भन्दा धेरै कबोल गर्ने दरभाउ पत्रदाताको दरभाउपत्र स्वीकृत हुनेछ ।

१५. प्रत्येक महिनाको भाडा महिना भुक्तान भएको मितिले ७ दिन भित्र जम्मा गरिसक्नु पर्नेछ । ७ दिन देखि १५ दिन सम्म ढिलो गरेमा १० प्रतिशत अतिरिक्त शुल्क थप गरि जम्मा गर्नु पर्नेछ । १५ दिन देखि ३० दिन सम्म ढिला गरेमा २५ प्रतिशत अतिरिक्त शुल्क थप गरि जम्मा गर्नु पर्नेछ र सो भन्दा ढिलो गरेमाका अस्पतालले, सम्झौता भंग गर्न सक्नेछ ।

१६. चमेना गृह बहाल अवधि ३ (तिन) वर्षको लागि हुनेछ र दुई वर्ष व्यतित भए पश्चात १० प्रतिशतले भाडा वृद्धि गरिनेछ तर अस्पताललाई आवश्यक परेको खण्डमा चमेना गृह आपसी सहमतिका आधारमा खाली गर्न सक्नेछ ।

१७. यो दरभाउ पत्र स्वीकृत गर्ने, नगर्ने र रद्ध गर्ने अन्तिम अधिकार अस्पताल प्रशासनमा निहित रहनेछ । साथै उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित ऐन कानुन र नियमानुसार हुनेछ ।

रंगेली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रंगेली अस्पताल
रंगेली, मोरङ
कोशी प्रदेश, नेपाल

CS CamScanner